शुक्लाफाँटा नगरपालिका
नगर कार्यापालिकाको कार्यालय
झलारी, कन्चनपुर
सुदूर पश्चिम प्रदेश, नेपाल

## औषधि खरिदको लागि सिलवन्दी दरभाउपत्र आव्हानको सूचना

( दास्रो पटक प्रकाशित मिति २०७५।१०।०६ )

चालु आ.व. २०७५।०७६ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस नगरपालिका अर्न्तगतका स्वास्थ्य संस्थाहरुको लागि आवश्यक औषधी सिलवन्दी दरभाउपत्रको माध्यमवाट खरिद गर्नु पर्ने भएकोले ईच्छुक औषधि उत्पादन गर्ने कम्पनि तथा औषधिको कारोवार गर्ने ईजाजत प्राप्त फर्म वा सप्लायर्शहरुले निम्न लिखित शर्तहरुको अधिनमा रही रितपुर्वकको सिलवन्दी दरभाउपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

१. सिलवन्दी दरभाउपत्र सम्वन्धि कागजातहरु यो सूचना प्रथम पटक प्रकासित भएको मितिले १५ औ दिनको कार्यालय समय भित्र यस कार्यालयमा चालु आर्थिक वर्षका लागि नविकरण भएको ईजाजतपत्र, स्थायि लेखा दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाण पत्र, मु.अ.कर दर्ता प्रमाणपत्र र आ.व.२०७४।०७५ को कर चुक्ता प्रमाणपत्रहरुको प्रमाणित वा कर विवरण बुझाउन म्याद थप भएको सम्वन्धि आन्तरिक राजश्व कार्यालयको पत्रको प्रमाणित प्रतिलिपी संलग्न राखि निवेदन साथ रु. १०००।०० (फिर्ता नहुने गरी ) को नगदी रसीद काटी खरिद गर्न सकिनेछ

२. खरिद गरेको दरभाउपत्र खरीद गर्ने अन्तिम मितिको भोलिपल्ट दिनको १२.०० बजे सम्म सिलवन्दी गरी खाममा विवरण प्रष्ट खुलाई यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ । दर्ता भएका सिलवन्दी दरभाउपत्रहरु कार्यालय प्रतिनिधि तथा दरभाउपत्रदाता वा निजहरुका प्रतिनिधिहरुको रोहवरमा दाखीला गर्ने अन्तिम दिनको अपरान्ह २.०० बजे खोलिने छ । दरभाउपत्रदाता वा निजका प्रतिनिधिहरु उपस्थित नभएपनि सिलवन्दी दरभाउपत्र खोल्ने कार्यमा वाधा पर्ने छैन ।

३. धरौटी वापत शुक्लाफाँटा नगरपालिका नगर कार्यापालिकाको कार्यालय झलारी, कन्चनपुरको एभरेष्ट बैंक झलारी शाखामा रहेको धरौटी खाता नं. ५९०१०१०५२००००३ मा रकम नगदै जम्मा गरेको सक्कल बैंक भौचर वा सिलवन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा ७५ दिन म्याद भएको मान्यता प्राप्त वाणिज्य वैंकवाट यस कार्यालयको नाउमा जारि भएको विडवण्ड दरभाउपत्र साथ पेश गर्नु पर्नेछ ।

४. रीत नपुगेको वा ढिलो गरी प्राप्त हुन आएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन । साथै दररेटमा अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

५. दरभाउपत्र खरीद गर्ने वा दाखिला गर्ने अन्तिम दिन विदा परेमा उक्त कार्यहरु क्रमश: लगत्तै कार्यालय खुलेको दिन हुनेछ ।

६. नेपाल सरकारको हितलाई ध्यानमा राखि वोलपत्र स्वीकृत गर्ने, नगर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सबै अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७. दरभाउपत्र भाग लिन फर्म अयोग्य नभएको , प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नवाझिएको, ठेक्का सम्वन्धी पेशा वा व्यवसाय सम्वन्धी कसुरमा आफुले सजाय नपाएको व्यहोरा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४० को उपनियम २(ङ ) बमोजिमको घोषणपत्र दरभाउपत्र साथ दरभाउपत्रदाताले पेश गर्नु पर्नेछ ।

८. सूचनामा परेका व्यहोराहरु वाहेक अन्यको हकमा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ एवंम दरभाउपत्र कागजातमा उल्लेख भए अनुसार हुनेछ ।

९. दरभाउपत्र सम्वन्धमा अन्य कुराहरु बुझ्नु परेमा यस कार्यालयमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

१०. दरभाउपत्रका साथ औषधिको नमुना समेत पेश गर्नु पर्ने छ ।

**दरभाउपत्र सम्वन्धी विवरण**

| सि.न. | दरभाउपत्र नम्वर | कामको विवरण | बैंक जमानत (Bid Guarantee) | दरभाउपत्र दस्तुर | दरभाउपत्र खरिद गर्ने अन्तिम मिति | दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|---|
| १ | १३।२०७५।०७६ | औषधि तथा सर्जिकल सामग्री खरिद गर्ने कार्य | ४९,०००।०० | १,०००।०० | २०७५।१०।२० | २०७५।१०।२१ दिउसो १२:०० बजे सम्म |